# औरही गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
देउरी परवाहा, धनुषा

प्रदेश नं. २,नेपाल


प.सं. २०७६।०७७
च.नं. २९३

मिति : २०७६।०६।३०

**विषयः बेरोजगार सूचिकृत फारम पूर्ण रुपमा भर्ने सम्बन्धमा ।**

श्री वडा कार्यालय (सबै),
औरही गाउँपालिका, धनुषा ।

उपरोक्त सम्बन्धमा गत आर्थिक वर्ष २०७५।०७६ को चैत्र र बैशाखमा भरिएका बेरोजगारी आवेदन फारममा पूर्ण रुपमा नभरिएकोले यसलाई सच्चाउन आह्वान गरिन्छ । सो सम्पूर्ण विवरणहरु यस वर्ष रोजगार व्यवस्थापन सूचना प्रणाली (EMIS) मा दर्ता (ENTRY) गर्नेपर्ने, तर फारममा उल्लेखित सम्पूर्ण विवरण नभएसम्म Software ले Accept नगर्ने भएकोले यस गाउँपालिकाको रोजगार सेवा केन्द्रमा धेरै जसो निवेदकहरुले आवश्यक विवरणहरु नभरेकाले मिति २०७६।०७।२९ गतेभित्र सम्पूर्ण फाराम भर्नुपर्ने बेरोजगार व्यक्तिहरुले आफ्नो आवेदनमा भएका तपसिलका अपुग विवरणहरु समयमा नै रोजगार सेवा केन्द्रमा गई पूर्ण रुपमा भराउनु हुन सरोकारवाला सवैलाई सूचित गरिन्छ । सवै आवेदनहरु पूर्णरुपमा नभरिएको खण्डमा सूचीबाट हटाइनेछ ।

तपसिल

१. पारिवारिक विवरण सम्पूर्ण परिवारका सदस्यहरुका नाम, नाता, जन्म मिति, नागरिकता नम्बर र जारी मिति ।

२. निवेदकसहित परिवारका सम्पूर्ण सदस्यको शैक्षिक योग्यता, सीप/दक्षता, रोजगारीको अवस्था ।

३. निवेदकको फोटो, नागरिकता प्रतिलिपी ।

४. स्थायी बसोवास खुल्ने आवश्यक कागजातको फोटोकपी, नागरिकता, बसाइसराई, विवाह दर्ता ।

५. कूल वार्षिक पारिवारिक आम्दानी, परिवारका कुनै पनि सदस्यको सामाजिक सुरक्षा भत्ता तथा पेन्सन सुविधा पाए/नपाएको र काम गर्ने समय अनिवार्य रुपमा भर्नुपर्ने छ ।

६. रोजगारीको अवस्था (स्वदेश/विदेश/स्वरोजगार) को अवस्थ अनिवार्य रुपमा भर्नुपर्नेछ ।

७. निवेदकले मोवाइल नम्बर, कामको अनुभव आदि अन्य सबै विवरण ।

.................................
सन्तोष कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत


सम्पर्कः अध्यक्ष ९८५४०२२२७०,उपाध्यक्ष ९८१९८१२४१३,प्रमुख प्रशासकीय अधिकृत ९८५४०२९०८४
email:aurahimun@gmail.com, web:aurahimundhanusha.gov.np